# गोलबजार नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## गोलबजार, सिरहा
प्रदेश नं. २, नेपाल

प.सं.: २०७६/०७७
च.नं.: २६०५

मिति: २०७७०३।०१

श्री सबै विद्यालय, शिक्षक तथा विद्यार्थीहरु,

गोलबजार नगरपालिका ।

कोरोना भाइरस, कोभिड-१९ रोगको विश्वव्यापी महामारीको सन्दर्भमा कायम लकडाउन सम्बन्धमा नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०७७।२।२८ को निर्णयमा "दुई मिटरको सामाजिक दूरी कायम गर्ने, मास्क प्रयोग गर्ने, पटकपटक साबुन पानीले हात धुने र स्यानिटाइजरको प्रयोग गर्ने लगायतका जनस्वास्थ्यका मापदण्ड र सुरक्षाका मापदण्ड अनिवार्य रुपमा पालना गर्ने गरी देहायका सेवा र कार्यहरु गर्ने भनी शिक्षण संस्थाका कार्यालय" उल्लेख छ ।

नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत **वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजीकरण निर्देशिका २०७७** जारी भएको छ ।

नयाँ शैक्षिक सत्र सुरु भइसकेको हुँदा विद्यार्थीको कक्षागत नामावली अभिलेख कायम गर्ने, पाठ्यपुस्तक वितरण गर्ने र वैकल्पिक शिक्षण सिकाइ कार्य सुचारु राख्न उपयुक्त देखिएकोले, तपसिल बमोजिम गर्न गराउनु हुन अनुरोध छ ।

१) २०७७ असार १ देखि नेपाल सरकार, सम्बद्ध निकायबाट जारी हुने निर्देशन र मापदण्डको अनिवार्य पालना गरी विद्यालयको प्रशासन खुला राख्ने, शिक्षकहरु विद्यालयमा उपस्थित हुने, शिक्षकको पेसागत विकासका क्रियाकलापहरु सञ्चालन गर्ने, वार्षिक रुपमा गर्नुपर्ने शिक्षण सिकाइका योजना तथा तयारी गर्ने, शैक्षिक सामग्रीहरु तयारी गर्ने कार्य गर्नु गराउनु हुन ।

२) शिक्षक परिचालन, फोन सम्पर्क गरी विद्यार्थीको वैकल्पिक सिकाइका लागि विद्यार्थी अभिलेख र लक्षित समूह यकिन गर्ने, विद्यार्थीको नाम, अभिभावकको नाम, ठेगाना, फोन नम्बर, विद्यार्थीसँग उपलब्ध सुविधा विवरण उल्लेख गरी कक्षागत विवरण तयार पारी असार १५ गतेभित्र नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा बुझाउने कार्य गर्नु गराउनु हुन ।

३) **www.moe.gov.np** मा उपलब्ध **वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजीकरण निर्देशिका २०७७**को कार्यान्वयन गर्नु गराउनु हुन । निर्देशिका बमोजिम विद्यार्थीको पहिचान तथा वर्गीकरण गर्न तोकिएका **समूहहरु** यसबमोजिम छ,

क) सबै किसिमको प्रविधिको पहुँचभन्दा बाहिर रहेका विद्यार्थी समूह,

ख) रेडियो, एफएम रेडियोमा पहुँच भएका विद्यार्थी समूह,

ग) टेलिभिजनमा पहुँच भएका विद्यार्थी समूह,

०७७।३।१

शाखा अधिकृत

# गोलबजार नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## गोलबजार, सिरहा
प्रदेश नं. २, नेपाल

प.सं.: २०७६/०७७
च.नं.: २६०५

घ) कम्प्युटर भएको तर अनलाइन कनेक्टिभिटी नभएका विद्यार्थी समूह,

ङ) इन्टरनेट तथा सूचना सञ्चार प्रविधिका साधनमा पहुँच भएका विद्यार्थी समूह ।

४) तोकिएको सामाजिक दूरी पालना गरी विद्यालयबाटै वा विद्यार्थीको घरघरमा गई पाठ्पुस्तक उपलब्ध गराउने ।

४) नेपाल सरकारमार्फत प्रसारित टिभी कार्यक्रमहरु, रेडियो, विभिन्न निकायको पहलमा प्रसारित टिभी रेडियोका कार्यक्रमहरु हेर्ने, सुन्ने तथा विभिन्न वेभसाइटहरु, सिकाइका मोबाइल एप्सहरु लगायत उपलब्ध साधन र माध्यमबाट सिकाइ निरन्तरता दिन विद्यार्थी, अभिभावकहरुलाई आह्वान गर्ने, सहयोग गर्ने गराउने ।

५) तोकिएको मापदण्ड पालना गर्दै शिक्षक परिचालन गरी समुदायमा गई सहजीकरण गर्ने गराउने, विद्यार्थीको स्वाध्ययन, परिवारका सदस्यहरुबाट आवश्यक सहायता, शिक्षकबाट निश्चित अवधिमा घरघर वा समुदायमा गई सहजीकरण गर्ने, सूचना सञ्चारका माध्यम, शिक्षकले घरैबाट वा विद्यालयबाट सामाजिक सञ्जालमार्फत सिकाइ निरन्तरताका लागि सहजीकरण गर्नगराउनु हुन ।

६) विद्यालयले गरेका गतिविधिहरुको नियमित जानकारी नगरपालिकामा गर्नुगराउनु हुन,

७) पूर्ण रुपमा लकडाउन खुला भएपछि नियमित रुपमा विद्यालय सञ्चालन भई सुरुदेखि नै पठनपाठन हुने नै छ । विपद्को यस समयमा घर नै सिकाइको उपयुक्त ठाउँ हो । विद्यार्थी तथा अभिभावकहरुलाई विद्यालय तथा सञ्चारका माध्यमबाट हुने सिकाइ सहजीकरण, स्वाध्ययन तथा अभिभावकको मार्गदर्शनबाट सिकाइलाई निरन्तरता दिनु हुन ।

८) शैक्षिक सत्र २०७६को शिक्षकको कार्यसम्पादन मूल्याङ्कन फाराम भरी विद्यालयमा दर्ता गर्ने, आवश्यक मूल्याङ्कन गरी नगरपालिकामा बुझाउनु हुन ।

९) कक्षा ८ को विद्यार्थीको नतिजा विवरण डाउनलोड गरी प्रमाणित गर्न नगरपालिकामा असार ५ गतेभित्र पेस गर्नुहुन, IEMIS विवरण असार १५ अगावै अनिवार्य अद्यावधिक गरिसक्नु हुन ।

०७७/३/१

शाखा अधिकृत